बर्दिबास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८२ साल असोज १० गते शुक्रबार बसेको नगरकार्यपालिका बैठकको उपस्थिति

## उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | श्री तारा देवी | उप प्रमुख | |
| ३ | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | श्री तिर्थ बहादुर अछामी | कार्यपालिका सदस्य | |
| १८ | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| १९ | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| २० | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| २१ | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २२ | श्री विना कुमारी पाखिन | कार्यपालिका सदस्य | |
| २३ | श्री प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २४ | श्री ऐश्र्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| २५ | श्री राममणि अधिकारी | प्र. प्र. अ. (सदस्य सचिव) | |

CamScanner

**बैठकका प्रस्तावहरु:**

प्रस्ताव नं. १) नगर खेलकुद समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. २) म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ३) अख्तियारी सम्बन्धमा ।

प्रस्ताव नं. ४) PLGSP को परिपत्र सम्बन्धमा ।

प्रस्ताव नं. ५) एम्बुलेन्स खरिद सम्बन्धमा ।

प्रस्ताव नं. ६) आर्थिक सहयोग सम्बन्धमा ।

**बैठकका निर्णयहरु:**

निर्णय नं. १) प्रस्ताव नं. १) उपर छलफल गर्दा, बर्दिबास नगर खेलकुद विकास संचालन कार्यविधि, २०८१ को पहिलो संसोधन २०८२ को दफा ३ मा भएको व्यवस्था बमोजिम नगर खेलकुद विकास समितिको गठन गर्ने सम्बन्धी नगर प्रमुख स्तरिय निर्णय अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २) प्रस्ताव नं. २) उपर छलफल गर्दा, देहाय अनुसारका ठेक्काहरुको म्याद चालु आ.व.को मंसिर मसान्त सम्म थप गर्नु पर्ने देखिएकाले २०८२-०८-३० गते सम्म थप गर्ने निर्णय पारित गरियो ।

क) माईस्थान वरडाँडा सडक कालोपत्रे (NCB/WORKS/BM/078/79-5)
ख) ब.न.पा.-४ गुम्बाबाट नयाँटोल जाने सडक (NCB/WORKS/BM/078/79-4)
ग) मोहनमार्ग सशस्त्र क्याम्प हुदै झ्याकुले टोल सम्मको सडक कालोपत्रे (NCB/WORKS/BM/078/79-6)
घ) चक्र बहादुर तोईसिंहको घर देखि सिरान सम्म कालोपत्रे (NCB/WORKS/BM/078/79-1)
ङ) ब.न.पा.-५ गढन्ता जाने दोबाटो ढुंग्रे गाँउ जाने बाटो कालोपत्रे (NCB/WORKS/BM/078/79-3)

निर्णय नं. ३) प्रस्ताव नं. ३ ) उपर छलफल गर्दा, बर्दिबास अस्पतालको मे.सु. विदामा रहेकोले कार्यरत कर्मचारीहरुको तलब सुविधा लगायतहरु भुक्तानी गर्न समेत समस्या भएको हुँदा अर्को व्यवस्था नभए सम्म अस्पतालको खाता संचालन कार्यको लागि प्रमुख प्रशासकीय अधीकृतलाई अख्तियारी दिने निर्णय पारित गरियो ।

निर्णय नं. ४) प्रस्ताव नं. ४) उपर छलफल गर्दा, प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP), कार्यक्रम समन्वय इकाई सिंहदरबार, काठमाण्डौं को मिति २०८२ आश्विन ०५ को सबै स्थानीय तहलाई स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धी परिपत्र बमोजिम कार्य व्यवस्थापनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय पारित गरियो ।

CamScanner

निर्णय नं. ५) प्रस्ताव नं. ५) उपर छलफल गर्दा, यस न.पा.को नगरसभाको अधिवेशनबाट चालु आ.व. २०८२/८३ का लागि ऐम्बुलेन्स खरिद शिर्षकमा विनियोजित रकमबाट यसै नगरपालिकाको वडा नं. १३ मा रहेको बिजलपुरा स्वास्थ्य चौकीको लागि एम्बुलेन्स खरिद गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ६) प्रस्ताव नं. ६) उपर छलफल गर्दा, यस न.पा.को वडा नं. ३ पाटु बस्ने चलख बहादुर कुश्वर माझिको घर मिति २०८२-०६-०२ गते बिहान आएको अविरल वर्षातले पूर्ण रुपमा भत्कि क्षती भएको सम्बन्धी ईलाका प्रहरी कार्यालय बर्दिबासले तयार गरेको मुचुल्का समेत साथ राखी वडा नं. ३ को कार्यालयले आवश्यक सहयोग सम्बन्धी सिफारिस गरेको हुँदा निजलाई यस न.पा. कार्यालयबाट स्वीकृत लागत अनुमान बमोजिमको रकम आर्थिक सहयोग स्वंरुप उपल्बध गराउने निर्णय पारित गरियो ।